# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

# तेस्रो भाग (पाठ ९-११)

# पाठ ९

## ❖ प्रभु येशू मृत्युमाथि विजयी हुनुहुन्छ - यूहन्ना ११: १-५३

कुनै परिवारमा कुनै प्रिय जनको मृत्यु भयो भने परिवारका अरु सदस्यहरूका हृदय अफसोसले भरिन्छ । शोकले तिनीहरू अति पीडित हुन्छन् । मृत्युपछि के हुन्छ होला भन्ने प्रश्न तिनीहरूका मनमा उठ्छ, तर यसको उत्तर कसले जान्दछ र ? हामी आफै पनि एकदिन मर्नैपर्छ भन्ने डरले मनलाई छोप्छ । यस्तो बेलाम कसले हामीलाई सान्त्वना र आशा देखाउन सक्छ ? हामी कसकहाँ जाऔं ? अनन्त जीवन दिने वचन प्रभु येशूसँग छ । यसर्थ हामी उहाँकहाँ जाऔं । प्रभु भन्नुहुन्छ -

***"बौरिउठाइ र जीवन म नै हुँ, जसले ममाथि विश्वास गर्छ, ऊ मरे तापनि जिउनेछ ।"***

## क) लाजरसका दिदी र बहिनीको खबर - यूहन्ना ११: १-१६

यरूशलेमको नजिकै जैतुन डाँडामा बेथानी भन्ने एउटा गाउँ थियो । त्यस गाउँमा प्रभु येशू धेरैचोटि जानुभयो, कारण त्यहाँ लाजरस र तिनका दिदीहरू मार्था र मरियम बस्थे । तिनीहरूलाई प्रभु प्रेम गर्नुहुन्थ्यो । एक दिन लाजरस बिरामी भए । लाजरस सिकिस्त बिरामी भएकाले तिनका दिदीहरूले प्रभुलाई बोलाए । येशूले तिनलाई निको पार्नुहुन्छ भनी उनीहरूले प्रभुमाथि भरोसा गरे, तर प्रभु त्यो घरमा ढिलो आइपुग्नुभयो । किन होला ?

१) जब लाजरसको घरमा दु:ख आइपरयो, तब तिीहरूले तुरुन्तै प्रभुलाई सम्झे । उहाँबाट हामीले एउटा असल शिक्षा पाउँछौं । के हामी पनि दु:खमा परेको बेलामा प्रार्थनामा प्रभु येशूलाई सब बताउँछौं त ?

**क) बेथानीमा के बिरामी थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तिनीहरूले के खबर येशूकहाँ पठाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) दु:ख त सबैमथि आइपर्छ । हामी एउटा श्रापित संसारमा जिउँछौं, जहाँ परमेश्वरका भक्तजनहरू पनि बिरामी हुन सक्छन् । तब हामी यस्तो समयमा उहाँको प्रेम र वास्तादेखि वञ्चित हुन्छौं ? होइन, तर दे:खको अवस्थामा नै हामीले प्रभु येशूलाई झन् गहिरो रुपले चिन्न पाउँछौं ।

**क) जब प्रभुले यो खबर सुन्नुभयो, तब उहाँले के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) बिरामीलाई प्रेम गरे तापनि प्रभुले के गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) प्रभुका चेलाहरू यहूदीहरूदेखि डराए । प्रभुलाई कुनै डर थिएन, किनभने उहाँले एउटा कुरा जान्नुहुन्थ्यो, जुन कुरा हामीले पनि जान्न एकदम आवश्यक छ त्यो के हो भने जो परमेश्वरको साथमा ज्योतिमा हिँड्छ, ऊ सुरक्षित छ । उसमाथि जे आइलाग्छ, त्यो ठेस खुवाउनको निम्ति होइन, तर परमेश्वरको इच्छा अनुसार नै भएको हुन्छ । यसकारण केही डराउनुपर्दैन ।

**क) प्रभुले यहूदिया फर्कने कुरा गर्नुहुँदा चेलाहरू किन चिन्तित थिए ?**

**ख) दिनमा हिँड्ने किन सुरक्षित हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) रातमा हिँड्ने मानिस किन ठेस खान्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

४) मृत्यु साँच्चै मानिसको सबभन्दा ठूलो शत्रु हो । हामी सबै मर्नैपर्छ । तर प्रभु येशूमाथि विश्वास गर्ने हरेकको निम्ति आशा छ, किनभने प्रभुले मरेकालाई पनि मृत्युको पन्जाबाट छुटाउनुहुन्छ ।

**क) प्रभुले लाजरसलाई के गर्न चाहनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) लाजरस निद्रामा परको कारण के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५) लाजरस मरे, तर तिनका दिदीहरूले एउटा कुरा बुझ्न सकेनन् - प्रभु येशू किन ठीक समयमा आउनुभएन ? लाजरस किन मर्नुपरचो ?' यसरी संसारमा वा हाम्रो जीवनमा पनि धेरै कुराहरू घट्छन्, जुनचाहिँ बुझ्न हामीलाई गाह्रो पर्छ । तर प्रभुका जनहरूका निम्ति जुनसुकै परिस्थितिमा पनि परमेश्वरको असल अभिप्राय नै छ भनी हामी विश्वास गर्न सिकौं ।

**क) प्रभु बेथानीमा नहुनुभएकोमा खुशी हुनुहुन्थ्यो, किन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) प्रभु येशू बेथानीमा आइपुग्नुभयो - यूहन्ना ११:१७-३५

दुःखको समयमा हामीलाई सान्त्वनाको खाँचो छ । त्यस दुःखको परिवारमा प्रभु येशू आउनुभयो, र तिनीहरूलाई ठूलो दया देखाउनुभयो । त्यही घरमा प्रभुले आफैलाइ झन् गहिरो प्रकारले प्रकट गर्नुभयो । दुःखको घड़ीमा हामी पनि प्रभु येशूलाई यो मौका दिऔं, र उहाँको निगाह पाएर साहसी बनौं ।

१) आफ्नो सबभन्दा प्यारो मित्रबाट भन्दा पनि बढ्ता सान्त्वना हामीले प्रभु येशूका वचनहरूबाट पाउँछौं । यसकारण हामी सान्त्वना दिने परमेश्वरको नजिक जाऔं र कृपा पाऔं ।

**क) लाजरसलाई चिहानमा गाडेको कति दिन भइसकेकोथियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तिनका दिदीहरूलाई सान्त्वना दिन को आएका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभु आउनुभएको कुरा सुनेर मार्थाले के गरिन् ?**

२) हामी परमेश्वरको वचन विश्वास गर्नेहरूलाई थाहा छ कि अन्तिम दिनमा मरेकाहरू सबै बौरिनेछन् । हामी न्यायमा परमेश्वरको साम् उभिनैपर्छ र आफ्नो जीवनको लेखा दिनैपर्छ । के यो कुरा तपाईंलाई थाह छ ? यसले गर्दा हामी यस वर्तमान जीवनको लागि मात्र प्रभु येशूमाथि आशा नराखौं ।

**क) मार्थाले प्रभु येशूलाई के भनिन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) परमेश्वरको बारेमा उनले अरु के गवाही जानेकी थिइन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**ग) 'तिम्रो भाइ बौरिनेछ' प्रभुले भन्नुभएकोमा उनले के जवाफ दिइन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३)** प्रभु येशू अब दुईटा कुरा दाबी गर्नुहुन्छ । बौरिउठाइ भनेको मरेकोलाई फेरि जिउँदो पारेर उठाउने काम हो । उहाँमाथि विश्वास गर्नेको लागि प्रभु युशूले यो काम गर्नुहुन्छ, किनभने मृत्युमाथि उहाँले जय पाउनुभयो । उहाँ हाम्रो विजयी प्रभु हुनुहुन्छ । उहाँद्वारा हामी मृत्युमाथि जय पाउँछौं । प्रभु येशू सधैं जीवित रहने र कहिल्यै नमर्ने हुनुहुन्छ । उहाँ आफै जीवन हुनुहुन्छ; यसैले उहाँले हामीलाई अनन्त जीवन दिन सक्नुहुन्छ ।

**क) प्रभु येशू के गर्नुहुन्छ ? उहाँले कुन दुईटा कुरा दाबी गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**ख) २५ र २६ पद हेरेर खाली ठाउँ भर्नुहोस्**

**येशूले तिनलाई भन्नुभयो - "बौरिउठाइ र जीवन म नै हुँ, जसले** ........................................................ .......................................................................**। अनि जो जिउँछ र** ........................................ ................................................................................................**। के तिमी यो विश्वास गर्छौ ? "**

**ग) यसमा मार्थाले प्रभुलाई के जवाफ दिइन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**४)** येशू रुनुभयो भन्ने शब्दले हामीलाई अच्मम पार्छ, तर प्रभु साँच्चै यति प्रेमिलो हुनुहुन्छ । उहाँ हाम्रो दुःखमा खुशी हुनुहुन्न, तर हामीमाथि टिठ्याएर हामीलाई साथ दिनुहुन्छ ।

**क) मार्थाले आफ्नी बहिनीलाई के भनेर बोलाइन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) मरियमले के गरिन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभुका पाउमा परेर मरियमले के भनिन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) तिनलाई र तिनीसित आएकाहरूलाई रोइरहेका देखेर प्रभुलाई के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

## ग) प्रभु येशूले लाजरसलाई मरेकोबाट बिउँताउनुभयो - यूहन्ना ११:३६-४५

लाजरस साँच्चै मरेका थिए । जब प्रभुले आफ्नो वचनको सामर्थ्यले लाजरसलाई मरेकोबाट बौराएर उठाउनुभयो, तब मृत्युमाथि विजय हुने शक्ति प्रभुमा छ भन्ने कुरा स्पष्ट भयो । यो सत्य घटनामा विश्वास गर्नेले यहाँ परमेश्वरको महिमा देख्छ । अनि तपाईं यो पढेर के बुझ्नुहुन्छ ? के यही येशू परमेश्वरबाट पठाइएको संसारको मुक्तिदाता हुनुहुन्न र ?

१) येशू रुनुभयो । आत्मामा उहाँ पीडित हुनुभयो, किनभने उहाँले लाजरसलाई औधि नै प्रेम गर्नुहुन्थ्यो । तर मानिसहरूको अविश्वास देख्दा उहाँको पनि मन विचलित भयो । चिहानबाट एउटा ठूलो ढुङ्गा मात्र होइन, तर मानिसको हृदयबाट पनि अविश्वासको एउटा ठूलो ढुङ्गा हट्नुपर्छ, नत्र कसैले पनि विश्वास गर्न सक्दैन भन्ने हामीलाई लाग्छ ।

**क) प्रभुलाई रुनुभएको देखेर कति यहूदीहरूले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) अरुले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) चिहानमा आउँदा पृभु येशूले कस्तो सहानुभूति प्रकट गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) मानिसहरूको अविश्वास अति ठूलो छ । प्रभु जे गर्न लाग्नुभएको थियो, त्यो तिनीहरूले पत्याएनन् । प्रभुले परमेश्वर पितासँग प्रार्थना गर्नुभयो । परमेश्वरले उहाँलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून् भन्ने प्रभुको ठूलो लालसा थियो । प्रभुको प्रार्थना परमेश्वर पिताले सुन्नुभयो । अनि साँच्ची नै धर्मीजनको प्रार्थनाले ठूलो काम हुन्छ । परमेश्वरले तपाईंको नम्र विन्ती पनि सुन्नुहुन्छ ।

**क) चिहानको सामु प्रभुले के आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) मार्थाले आनाकानी गर्दा प्रभु येशूले उनलाई कुन कुरा याद दिलाउनुभया ?**

**ग) प्रभुले त्यहाँ किन प्रार्थनागर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभुले लाजरसलाई बाहिर निस्कने आज्ञा दिएपछि के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) येशूले गर्नुभएको काम देख्नेहरूमध्ये धेरैले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## घ) प्रभु येशूलाई मार्ने मतो - यूहन्ना ११:४६-५३

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

यहाँसम्म अध्ययन गरेर हामीले यहूदीहरूको धार्मिक नेताहरूले प्रभु येशूको विरोध गरेका कुरा थाहा पाउँछौं । यस विरोधको चरम सीमा पुगेको छैन । प्रभु येशू परमेश्वरको पुत्र हुनुहँदोरहेछ भन्ने प्रमाण तिनीहरूले सफसँग पाएर उहाँमाथि विश्वास गरेर तिनीहरूले परमेशवरको अधीनमा सुम्पन चाहेनन् । यसकारण तिनीहरूले प्रभु येशूलाई मार्ने दुष्ट युक्ति रचे । तिनीहरूको यो योजन दुष्ट भए पनि परमेश्वरको योजना अचम्मको छ । उहाँले येशूको मृत्युद्वारा संसारका सबै मानिसहरूका निम्ति कुक्तिको ढोका खोल्नुभयो ।

**१) धेरैले प्रभु येशूमाथि विश्वास गरे । अरु कतिले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) मुख्य पूजाहारी र फरिसीहरू सभामा बसे । **प्रभु येशूले देखाउनुभएका अचम्मका कामहरूले गर्दा तिनीहरूले कुन कुन कुरामा चिन्ता गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) कायफा नाम गरेको महापूजाहारीले तिनीहरूलाई आफ्नो सारा जातिहरूभन्दा एकजना अर्थात् येशू नै मर्नु उत्तम हो भन्ने सल्लाह दिए । यसो भनेर उसले परमेश्वरको पट्टिबाट अर्थात् भविष्यवाणी गरे । यस सल्लाहमा सबैजना सहमत भए ।

**क) महापूजाहारीले कस्तो भविष्यवाणी बोलेका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख)के प्रभु येशू यहूदी जातिको निम्ति मात्र मर्नुभयो ? (पद ५२)**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभु येशूको मृत्युद्वारा परमेश्वरले कुन उद्देश्य पूरा गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**४) सभामा मुख्य पूजाहारी र फरिसीहरूले कस्तो मतो गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ध्यान :** ***परमेश्वरले अघि नै निर्णय गर्नुभएको र जान्नुभएको योजनाअनुसार यहूदीहरूले प्रभु येशूलाई लगेर अधर्मीहरूको हातबाट काठको क्रूसमा टाँगेर मारे । तीन दिनपछि परमेश्वरले उहाँले मृत्युको पन्जाबाट छुटाउनुभयो र जीवित पारेर उठाउनुभयो ।***

***सारा संसारले निश्चय गरी जानोस् - यही येशू, जसलाई तिनीहरूले क्रूसमा टाँगे, परमेश्वरले उहाँलाई नै सबैका प्रभु र मुक्तिदाता तुल्याउनुभएको छ ।***

## प्रभु येशूको विषयमा जान्नुपर्ने कुराहरू

प्रभु येशूको जन्म आजभन्दा करिब २००० वर्षअघि भएको थियो । प्रायः सारा संसारमा इस्वी सम्वत् चल्छ अर्थात् प्रभु येशूको जन्मको वर्षदेखि साल गन्ने गर्छन् ।

प्रभु येशू इस्राएल देशमा बेथलेहेम भन्ने गाउँमा मरियम नाम गरेकी कन्याबाट जन्मनुभयो । उहाँको नाम येशू राखियो, किनभने उहाँ सबै मानिसहरूको मुक्तिदाता हुनलाई यस संसारमा आउनुभयो ।

प्रभु येशू इस्राएलको उत्तरमा गालील प्रान्तको नासरत भन्ने शहरमा हुर्किनुभयो । आफ्ना बुबाआमासित रही उहाँ सिकर्मी काम गर्नुहुन्थ्यो ।

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

प्रभु येशू तीस वर्ष पुग्नुहुँदा उहाँले आफ्नो सेवा गर्नुभयो । उहाँले तीन वर्षजति रोगीहरूलाई निको पार्दै र दुष्ट आत्माहरू निकाल्दै गाउँगाउँ घुम्नुभयो । हामीले पापदेखि पश्चात्ताप गर्नुपर्छ र परमेश्वरको राज्यको सुसमाचार विश्वास गर्नुपर्छ भनी उहाँले प्रचार गर्नुभयो ।

प्रभु येशूमाथि विश्वास गर्नेहरूले उहाँको नाममा बप्तिष्मा लिएर उहाँको चेला बने । उनीहरूमध्ये उहाँले बाह्रजनालाई छान्नुभयो र उनीहरूलाई प्रेरित तुल्याउनुभयो । उनीहरूलाई उहाँले मुक्तिको सुसमाचार सुम्पनुभयो, जसको प्रचार आज सारा संसारमा भइरहेको छ ।

यहूदा नाम गरको चेलाले प्रभु येशूलाई विश्वासघात गरी दुष्ट मानिसहरूको हातमा सुम्प्यो । प्रभु निर्दोष भएतापनि राज्यपाल पिलातसले उहाँलाई क्रूसमा टाँग्ने हुकुम दिए । प्रभुलाई क्रूसमा टाँगिने ठाउँको नाम गलगथा हो । यो ठाउँ इस्राएलको राजधानी यरुशलेमको छेउमा पर्छ ।

प्रभु येशू मर्नुभयो र त्यही ठाउँमा गाड्नुभयो । तीन दिन पछि उहाँ मरेकाहरूबाट जिउँदो भएर फेरि उठ्नुभयो । चालीस दिनपछि प्रभु येशू शरीरमै स्वर्ग जानुभयो ।  उहाँ सारा स्वर्गको अधिकार पाउनुभयो । उहाँ प्रभु हुनुहुन्छ । अधिकारसहित उहाँ चाँडै फेरि संसारमा आउनुहुन्छ । के त्यस दिनको निम्ति तपाईं तयार हुनुहुन्छ ?

## पाठ १०

### ❖ प्रभु येशू परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो - यूहन्ना १३: ३१-१४: ३९

के तपाईंले कुनै समयमा आफ्नो बाटो भुल्नुभएको छ ? यस्तो समयमा हामी अन्यौलमा परेका हुन्छौं, होइन र ? दाहिने वा देब्रे, अघि वा पछि लाग्नुपर्ने हो, सो जान्दैनौं । यस बेलामा कसैले हामीलाई ठीक बाटो देखाएर हमीलाई पुग्नुपर्ने ठाउँसम्म पुरचायो भने हामीलाई कति आनन्द लाग्छ, होइन र ? आत्मिक दृष्टिले हामी सबैले आफ्नो इच्छा र अभिलाषा पूरा गर्दै हिँडेका हुनाले ठीक बाटो बिराएका छौं । हामीले परमेश्वरले दिनुभएको बाटोमा हिँडनुपर्ने थियो, तर दुःखको कुरा के हो भने सबै एकतिर लागेका छन् र साँचो परमेश्वरलाई गुमाएका छन् । विचार गर्नुहोस्, यदि स्वर्ग जाने बाटो कुन हो भनी थपाईंले मानिसलाई सोध्नुभयो भने तपाईंलाई हरेकले फरक फरक जवाफ दिनेथियो । यसकारण परमेश्वरकहाँ पुग्ने ठीक बाटो देखाउने मार्गदर्शक हामीलाई एकदम खाँचो पर्छ । प्रभु येशू आफै स्वर्गबाट आउनुभएको हुनाले हामीलाई त्यहाँ पुग्ने ठीक बाटो देखाउन सक्नुहुन्छ, किनभने उहाँ भन्नुहुन्छ -

***"बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि परमेश्वर पिताकहाँ पुग्दैन ।"***

### क) प्रभु येशूको बिदाइको सूचना र शिक्षा - यूहन्ना १३: ३१- १४: ३

प्रभु येशूका बाह्रजना मुख्य चेलाहरूमध्ये यहूदा इस्करयोती नामक एकजना थियो । त्यसले तीस चाँदीको रूपैयाँमा आफ्नो प्रभुलाई विश्वासघात गरी शासकरूको हातमा सुम्पिनका निम्ति योजना बनाएको थियो । अन्तिम भोजनमा त्यो निस्केर गयो । त्यसपछि प्रभु येशूले चाँडै हुने बिदाइ अर्थात् अफ्नो मृत्युको विषयमा चेलाहरूलाई सफासँग बताउनुभयो, कि उहाँले आफ्नै मृत्युद्वारा स्वर्ग जाने बाटो तयार पार्नुहुन्छ । अझ उनीहरूले म अघि गएर तिमीहरूको निम्ति ठाउँ तयार पार्छु भन्ने कुराको अर्थ बुझेन ।

१) प्रभु येशूले आफ्नो जीवनद्वारा परमेश्वरको महिमा प्रकट गर्नुभयो । आफ्नै मृत्युद्वारा उहाँले हामी पापी मानिसहरूप्रति परमेश्वरको प्रेम झन् गहिरो प्रकरले देखाउनुभयो । के हामीले यो कुरा बुझ्न सक्यौं ?

**क) प्रभु येशूमा परमेश्वर के हुनुभएको थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) परमेश्वरले अब तुरुन्तै कसलाई महिमित तुल्याउनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभु येशू अब कतिसम्म चेलाहरूसँग रहनुहरन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

२) प्रभुले आफ्ना चेलाहरूलाई प्रेम गर्नुभयो । यो प्रेम उहाँले अन्तसम्म देखाउनुभयो, किनभने उहाँले उनीहरूको लागि आफ्नो प्राण दिनुभयो । अब उनीहरूले पनि त्यही प्रकारले आपसमा प्रेम गर्नू भन्ने आज्ञा पाए । संसारमा सबै मनिसहरूले येशूका चेलाहरूलाई यही प्रेमबाट चिन्छन् ।

**क) प्रभु येशूले आफ्ना चेलाहरूलाई कस्तो नयाँ आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) यही प्रेमबाट कसले के थाहा पाउनेछन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) त्यही रात प्रभु येशू पक्राउ पर्नुभयो । भोलिपल्ट उहाँ क्रूसमा असाध्य खु:ख सही मर्नुपर्‍यो । यस मुक्तिको काममा चेलाहरूको कुनै हिस्सा थिएन । पछि उनीहरू सबैले प्रभु येशूलाई त्यागे । प्रभु येशू एक्लै यो गाह्रो बाटोबाट क्रूसको मृत्युसम्म जानुभयो ।

**क) तपाईं कहाँ जानुहुन्छ भन्ने कुरा पत्रुसले सोध्दा प्रभुले के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) म तपाईंको लागि आफ्नो प्राण दिन्छु भन्ने पत्रुसले प्रभुबाट के जवाफ पाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) जब हाम्रो जीवनमा दु:ख आइपर्छ, तब हामी हरेश खान्छौं, किनभने हाम्रो वरिपरि हामीलाई पूरा अन्धकार लाग्छ । प्रभु जान्नुहुन्छ भन्ने कुरामा चेलाहरू दु:खित भए । तर तिनीहरूलाई लिन म फेरि आउँछु भन्ने प्रभुको वचनले उनीहरूलाई साहस दिन्छ । यही आशामा हामी प्रभुको बाटो हेर्छौं ।

**क) विचलित नहुनका निम्ति प्रभुले आफ्ना चेलाहरूलाई के गर्ने आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) स्वर्गमा, परमेश्वरको घरमा के छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभु येशू के गर्नको लागि जानुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) सबै कुरा तयार पारेपछि प्रभुले के गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) प्रभु येशू फेरि आउनुहुँदा कसलाई लानुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**च) प्रभुले आफ्ना चेलाहरूलाई कहाँ लानुहुनेछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) प्रभु येशूले शान्तिदाताको प्रतिज्ञा गर्नुभयो - यूहन्ना १४: १२ - २९

प्रभु येशू चेलाहरूलाई छोडेर जानुहुन्छ भन्ने कुरामा उनीहरूको निम्ति ठूलो नोक्शानी जस्तो देखिन्थ्यो । तर प्रभुले उनीहरूलाई टुहुर छोड्नुहुन्न, तर शान्तिदाता अर्थात् आत्माको रुपमा उनीहरूकहाँ आउनुहुन्छ भन्ने प्रतिज्ञा गर्नुभयो । यसकारण उहाँ जानु अघि नै उनीहरूको निम्ति फाइदा छ । किनभने शान्तिदाताको रुपमा आउनुभएपछि उहाँ सधैँ उनीहरूसँग रहनुहुन्छ; खास गरी उहाँ उनीहरूका हृदयभित्र वास गर्नुहुन्छ । यही शान्तिदाताले हामीलाई येशूको नाममा प्रार्थना पनि गर्न सिकाउनुहुन्छ र प्रभुले हाम्रा निम्ति अझ ठूला कामहरू गर्नुहुन्छ ।

१) हामीले प्रभु येशूको नाममा गरेका प्रार्थनाद्वारा परमेश्वरले आफ्नै नामको खातिर अझ ठूलो काम गर्नुहुन्छ । के हामी परमेश्वरसित यसरी येशूको नाममा प्रार्थना गर्न सिकेका छौं ? के दिनप्रतिदिन उहाँका आशिष्का भागिदार हुन्छौं ? ठूला आशिष्हरू हामीले येशूको नाममा प्रार्थना गरेर मात्र पाउँछौं ।

**क) कसले यी ठूल कामहरू गर्नेछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) किन उसले यो काम गर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) येशूमा परमेश्वरको महिमा हुनलाई हामीले के गर्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) येशूको नामा माग्यौं भे प्रभुले के गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) शान्तिदाता अर्थात् पवित्र आत्माको प्रतिज्ञा हाम्रो निम्ति ठूलो आशिष हो शरीरमै पनि प्रभु येशू एकै समयमा एकै ठाउँमा मात्र रहनुहुन्थ्यो भने अब शान्तिदातको रुपमा उहाँ एकैचोटि सबै ठाउँमा हुनुहुन्छ । उहाँ हामीभित्र बास गर्नुभएपछि हाम्रो मनमा ठूलो शान्ति हुन्छ । यसो भए यो पवित्र आत्मा पाउनलाई हामीले के गर्नुपर्छ, सो पनि हेरौं ।

**क) प्रभु येशूलाई हामी प्रेम गर्छौं भन्ने कुरा के ले देखाउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) येशूको विन्तीमा परमेश्वरले कसलाई पठाउनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) शान्तिदाता हामीसित कहिलेसम्म रहनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) संसारले उहाँलाई किन ग्रहण गर्न सक्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**ङ) किन प्रभुका चेलाहरूले उहाँलाई चिन्छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३)** यही पवित्र आत्माद्वारा प्रभुले हामीलाई आत्मिक तवरले जीवित पार्नुहुन्छ । यसरी हामीले प्रभु येशूसँग हाम्रो गहिरो सँगति र परमेश्वरको प्रेमको स्वाद पाउँछौं । यही आत्माद्वारा परमेश्वरले आफूलाई प्रकट गर्नुहुन्छ । कुनै दिन तपाईंलाई यस्तो भएको छ कि ?

**क) प्रभु येशूले आफ्ना चेलाहरूलाई कस्तो प्रतिज्ञा दिनुभयो ?** (पद १८) (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशू आफै जीवित हुनुभएकोले चेलाहरू के हुनेछन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) आत्मिक जीवन पाएको दिनमा हामीले के कुरा थाहा गर्छौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभु येशूलाई प्रमे गर्ने र उहाँका आज्ञाहरू पालन गर्ने मानिसलाई प्रभुले के के प्रतिज्ञा गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**
**इ)**

४) यस सम्बन्धमा यहूदाले प्रभुलाई फेरि प्रश्न गरे । आफूलाई संसारकहाँ होइन, तर चेलाहरूकहाँ प्रकट गर्नुहुन्छ भनी भन्नुभएकोमा तिनी अचम्म माने । यसकारण प्रभुले कुरा झन् स्पष्ट पार्नुभयो - पवित्र आत्माविना हामीले न मनमा शान्ति पाउँछौं, न प्रभुको शिक्षाको अर्थ बुझ्न सक्छौं, न बुझाएका कुराहरू याद नै गर्न सक्छौं । के तपाईंसँग यही सत्यको आत्मा हुनुहुन्छ ?

**क) प्रभुले गर्नुभएको प्रतिज्ञा पाउनलाई हामीले के के गर्नुपर्छ ?** (पद २३)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**

**ख) फलस्वरुप हामीलाई के के प्रतिज्ञा गरिएका छन् ?** (पद २३)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**

**ग) येशूलाई प्रेम नगर्नेले के गर्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) येशूको नाममा परमेश्वरले कसलाई पठाउनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**ङ) पवित्र आत्माले हाम्रो निम्ति के काम गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

५) प्रभु आफ्ना चेलाहरूलाई 'म शान्ति छोडेर जान्छु' भन्नुभयो । येशूको खातिर हामीले यस दुष्ट संसारमा अनेकौं कष्ट भोग्नुपरे तापनि उहाँले हाम्रो मनमा शान्ति दिनुहुन्छ। यसैले हामीले डराउनु पर्दैन र हरेश पनि खानुपर्दैन ।

**क) प्रभु येशूले आफ्ना चेलाहरूलाई कस्तो दान छोड्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) त्यो शान्ति कस्तो छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) यसैले हामीले के के गर्नुपर्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**घ) चेलाहरूले प्रभुलाई प्रेम गरेका भए कुन कुरामा रमाउने थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) प्रभुले यी कुराहरू पूरा हुनुभन्दा अघि भन्नुभएको कारण के छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६) यही सम्बन्धमा प्रभु येशूले १६ अध्यायको ३३ पदमा अझ कुरा गर्नुभयो । उहाँ संसार यसका दुःखहरूमाथि विजय हुनुभयो; यही कारण प्रभु येशूमा हामीलाई शान्ति र साहस मिल्छ भनी उहाँले भन्नुभएको छ । यूहन्ना १६:३३ पदानुसार तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

**क) संसारमा हामीलाई के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) साहस गर्ने कारण के छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) प्रभु येशू क्रूसमा मर्नका निम्ति अघि बढ्नुभयो - यूहन्ना १४:३०-३१

मुख्य चेलाहरूमध्ये एक यहूदा इस्करयोतीले प्रभु येशूलाई विश्वासघात गरी दुष्ट मानिसहरूको हातमा सुम्प्यो । धर्मगुरुहरूले डाहाको कारणले उहाँलाई मार्न खोजे । राज्यपालले उहाँमा कुनै दोष नपाए तापनि क्रूसमा टाँग्ने हुकुम दिएर साह्रै अन्याय गरे । राज्यपालको साम्नु यहूदी मानिसहरूले चर्को सोरले यसो भन्दै चिच्याए -'त्यसलाई हटाउनुहोस् ! त्यसलाई क्रूसमा टाँग्नुहोस् !' यी सबै कुराहरूमा हामी दुष्ट शैतानका धूर्त युक्ति देख्छौं । यस महाशत्रुलाई संसारको देव

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

पनि भनिएको छ, किनभने त्यसले संसारका सबै मानिसहरूमाथि शासन गर्छ, जसले परमेश्वरका आज्ञाहरू पालन गर्दैनन् ।

१) प्रभु येशू अब अन्धकारको शक्तिको हातमा पर्नुभयो । यो त्यस शैतानको घड़ी हो, भन्ने कुरा उहाँलाई थाहा थियो । तर परमेश्वरलाई धन्यबाल होस्, प्रभु येशूले शैतानमथि विजयी हुनुभयो ।

**क) यसैले प्रभुले आफ्न चेलाहरूलाई कुन दुईटा कुरा भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**

२) प्रभु येशू अन्तसम्म अर्थात् क्रूसको मृत्युसम्म नै परमेश्वर पिताप्रति आज्ञाकारी हुनुभयो । सारा संसारले यो कुरा जानेकोहोस् - क्रूसमा प्राण दिएर प्रभु येशूले पिता परमश्वरप्रति प्रेम देखाउनुभयो र उहाँको आज्ञा पालन गर्नुभयो ।
**क) संसारले प्रभु येशूको मृत्युबारे के के जान्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ध्यान : येशूले तिनलाई भन्नुभयो -'बाटो, सत्य र जीवन म नै हुँ, मद्वारा बाहे क कोही पनि परमश्वर पिताकहाँ पुग्दैन ।'**

प्रार्थना :***हे परमेश्वर पिता, प्रभु येशू स्वर्ग जाने बाटो हुनुहुन्छ भन्ने कुरा मैले बुझें । म यहीं बाटे भएर तपाईंकहाँ आउँछु । म येशूको नाममा आनन्दित छु किनभने यही नाममा तपाईंले मलाई मुक्ति, शान्ति, जीवन र अरु सबै आत्मिक आशिषहरू दिन चाहनुहुन्छ । यसकारण प्रभु येशूमा भरोसा गर्न, उहाँका आज्ञाहरू पालन गर्न र उहाँको नाममा प्रार्थना गर्न मलाई सिकाउनुहोस् । आमेन !***

# पाठ ११

## ❖ प्रभु येशू - दाखको बोट - यूहन्ना १५:१ - १७

प्रभु येशू यस संसारमा हुनुहुँदा इस्राएल भन्ने देशमा रहनुहुन्थ्यो, जहाँ धेरैले अर्थात् अंगुरको खेती लगाउँछन् । अंगुर लगाउने ठाउँको वरिपरि बार लगाइन्छ । आठ-आठ फिटको टाढामा अंगरको बिरुवा लहरमा रोपिन्छ । दुई-तीन वर्ष स्याहार गरेपछि अंगुर फल फलाउन थाल्छ । अझ फल फलाउन भनी किसानले समय-समयमा अंगुरको कोटलाई छाँटकाँट गर्छ र अंगुरले ज्यादा फल फलाउँछ । यसैले प्रभु येशूसित चेलाको सम्बन्ध कस्तो हुनुपर्छ, सो कुरा स्पष्ट पार्नलाई उहाँले यही अंगुरको बोटको उदाहरण लिनुभयो । तपाईंको जीवन पनि परमेश्वरको महिमाको निम्ति फल फलाउनुपर्छ; यो उहाँको इच्छा हो । यसैले प्रभु येशूले तपाईंलाई पनि भन्नुहुन्छ -

***'तिमीहरूले धेरै फल फलायौ भने यस कुरामा मेरा पिता परमेश्वरको महिमा हुनेछ र तिमीहरू मेरो चेला हुनेछौ ।'***

## क) दाखको बोट र किसान - यूहन्ना १५:१-३

अंगुर फल फलाउनलाई लगाइएको छ । यसकारण बेला-बेलामा किसानले अंगुरको बोटलाई छाँट्ने काम गर्नैपर्छ, न त्र ता अंगुरको बोटले फल दिन छोड्छ । ठीक यस्तै परमेश्वरको राज्यमा पनि हुन्छ । प्रभु येशूको पछि लाग्ने त धेरै हुन्छन्,

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

तर तिनीहरूमध्ये दुई किसिमका मानिसहरू हुन्छन् । तिनीहरूलाई प्रभुले फल फलाउने र फल नदिने हाँगासित तुलना गर्नुहुन्छ । यसकारण हामी यो चेतावनी याद गरौं - परमेश्वर आफैले फल नदिने हरेकलाई हटाउनुहुन्छ, साथै फल फलाउनेलाई झन् फल फलोस् भनी छाँट्नुहुन्छ ।

**१) आफ्नो विषयमा प्रभु येशूले के भन्दै दाबी गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) परमेश्वर पिताको विषयमा उहाँले के भन्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३) प्रभु येशूलाई पछ्याउने दुई किसिमका हुन्छन् । ती कस्ता-कस्ता हुन्छन् ?**

**अ)**

**आ)**

**४) फल नफल्ने हाँगालाई परमेश्वरले के गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**५) फल फलाउने हाँगालाई उहाँले के गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**६) प्रभुका चेलाहरू कसरी अघिबाट शुद्ध भइसकेका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशूको वचनले हाम्रो मन, हाम्रो जीवन पूरा तवरले शुद्ध पार्न सक्छ । यसकारण उहाँको वचन ध्यानसित सुन्ने र विश्वाससाथ पालन गर्ने मानिस धन्यको हुन्छ, किनभने उसको जीवन परमेश्वरको वचनद्वारा शुद्ध हुँदै र फल फलाउँदै जान्छ ।

## ख) दाखको बोट र हाँगाहरू - यूहन्ना १५:४-६

अंगुर भन्नाले बोट मात्रै बुझिँदैन, तर बोटका हाँगाहरू र हाँगाहरूमा भएका फल पनि बुझिन्छ । ती हाँगा धेरै भए पनि र टाढासम्म फैलिए ता पनि ती सबै बोटसँग जोरिएका हुन्छन् । खालि यसरी ती हरियो रहन्छन् र फल फलाउन सक्छन् । प्रभु येशूले सबै मानिसहरूलाई होइन, तर आफ्ना चेलाहरूलाई यो शिक्षा दिनुभयो, किनकि उहाँले उनीहरूलाई संसारबाट चुन्नुभयो । उनीहरूले अंगुरको बोटबाट यो सिकून् - जसरी हाँगाहरू बोटसँग एक भएर टाँसिबस्छन्, त्यसरी नै प्रभुसँग हाम्रो सम्बन्ध पनि अति नजिक हुनुपर्छ । यस प्रकारले हामी येशूको जीवनको भागी हुन्छौं र फल फलाउन सक्छौं । प्रभुबाट अलग रहेर हामी केहीले केही पनि गर्न सक्दैनौं ।

**१) प्रभु येशू आफ्ना चेलाहरूलाई केकस्तो आज्ञा दिनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) यो आज्ञा पालन गरे के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

३) **परमेश्वरले हामीमा जे फल देख्नु चाहनुहुन्छ, यी सबै हामीले विश्वासद्वारा प्रभुसँग एक भएर गर्नुपर्छ।**

**क) हाँगा बोटमा रहेन भने के गर्न सक्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) हामी येशूमा रहेनौं भने के गर्न सक्दैनौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) **क) दाखको बोट को हुनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) हाँगाहरू को हुन्छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**५) कसले धेरै फल फलाउन सक्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**६) प्रभु येशूबाट अलग रहेर हामीले कति काम गर्न सक्छौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७) यहूदा इस्करयोती पनि प्रभु येशूका मुख्य चेलाहरूमा गनिन्थ्यो, तर त्यो त फलहीन हाँगा ठहरियो। त्यस तीस चाँदीका सिक्कामा आफ्नो प्रभुलाई विश्वासघात गरी दुष्टहरूको हातमा सुम्पियो। परमेश्वरले त्यसलाई फल नदिने हाँगा सम्झी हटाउनुभयो। त्यसको अन्त एकदम नराम्रो भयो। यहाँ हाम्रो लागि एउटा गम्भीर चेतावनी छ। पद ६ मा बढी ध्यान दिनुहोला।

**क) को बाहिर मिल्काइन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) मिल्काइएपछि त्यसको दशा के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**
**इ)**

## ग) हाँगाहरू र फल - यूहन्ना १५:७-१२

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

जब अंगुरको बोटका हाँगाहरूमा रसिला झुप्पाहरू अर्थात् फल देखा पर्छ, तब किसान अत्यन्तै खुशी हुन्छ । त्यसरी नै परमेश्वरको इच्छाअनुसार हामी जिएका र फल फलाएको देखेर प्रभु पनि खुशी हुनुहुन्छ । अब फल फलाउनुको अर्थ के रहेछ, सो हामी हेरौं ।

१) प्रभु येशूको वचनले हामीमा ठाउँ पाउनैपर्छ, साथै हामीले परमश्वरको इच्छाअनुसार प्रार्थना गर्न सिक्नुपर्छ, नत्र ता हाम्रो सम्बन्ध प्रभुसँग ठीक छैन र फल फलाउन सक्दैनौं ।

**प्रार्थना हामीले परमेश्वरबाट जो मागेका छौं, सो पाउनलाई पहिले कुन दुई कुरा हुन खाँचो छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**क**)
**ख**)

**२) परमेश्वरको महिमा कहिले हुन्छ ? हामी प्रभु येशूका सच्चा चेला हौं भन्ने प्रमाण केले दिन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) प्रभु येशू आफै यस शिक्षाको असल उदाहरण हुनुहुन्छ, किनभने उहाँ परमेश्वर पितासँग त्यहि नजिकको सम्बन्धभित्र रहनुभयो । यो सम्बन्ध प्रेम हो । प्रभु येशूको प्रेम व्यक्तिगत रुपले अनुभव पाएको र त्यही प्रेममा रहने चेला मात्र धेरै फल फलाउन सक्छ ।

**क) प्रभु येशूले आफ्ना चेलाहरूलाई कसरी प्रेम गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशू हामीलाई के आज्ञा दिनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभुको प्रेममा हामी कसरी रहन्छौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभु येशू आफै कसरी परमेश्वर पिताको प्रेममा रहनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) साँचो आनन्द कहाँबाट अउँछ ? कसले यो जान्न चाहन्छ ? उसले यो कुरा प्रभुबाट सिकोस्, किनभने पभु आफै मर्नुभन्दा अघिल्लो रातमा दिएको शिक्षा यो हो - साँचो आनन्द प्रभुले उसलाई दिनुहुन्छ, जो परमेश्वरको प्रेममा रहेर उहाँको इच्छा पालन गर्छ । यसरी हृदयभरिको आनन्द लिनुहोला ।

**प्रभुले यी कुरा भन्नुभएको मतलब के के थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ**)
**आ**)

**५) प्रभु येशूले हामीलाई कुन आज्ञा दिनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**घ) प्रभु येशू र उहाँका चेलाहरू - यूहन्ना १५:१३-१७**

प्रभु येशूले आफ्ना चेलाहरूलाई गहिरो प्रेम गर्नुभयो । यसैले उहाँ उनीहरूलाई मित्र मात्र भन्नुभएन, तर उहाँले उनीहरूका निम्ति आफ्नो प्राण पनि दिनुभयो । यसैबाट उहाँले उनीहरूलाई आफ्नो प्रेम र वास्ताको प्रमाण दिनुभयो । अनि तपाईंले आफ्नो प्रेम कसरी देखाउनुहुन्छ ?

**१) सबभन्दा ठूला प्रेम कुन हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) प्रभु येशूका मित्रहरू को को हुन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३) प्रभुले हामीलाई किन 'दास' भन्नुहुन्न ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**४) उहाँले हमीलाई 'मित्र' किन भन्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**५)** प्रभु येशू सबै मानिसका मुक्तिदाता हुनलाई उस संसारमा आउनुभयो । तर उहाँमथि विश्वास गर्नेहरूले मात्र पापबाट मुक्त हुनेछन् । हाम्रो कर्तव्य विश्वास गर्नु हो; अनि हामीलाई चुन्ने काम उहाँकै हो ।

**क) प्रभु येशूले यस सम्बन्धमा के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूले हमीलाई किन चुन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) उहाँले हमीलाई केको लागि नियुक्त गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**६)** यदि हामीले प्रार्थना गर्न सिक्यौं भने मात्र हामी प्रभुका फलवन्त चेला बन्न सक्छौं ।

**येशूको नाममा गरेका प्रार्थनाको बारेमा प्रभुले केको प्रतिज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**७) संसारका मानिसहरूले हामीलाई घृणा गरे तापनि हामीले आपसमा कस्तो व्यवहार गर्ने आज्ञा पायौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**प्रार्थना :**

***'हे प्रभु येशू, तपाईंले मलाई परमेश्वरको महिमाको निम्ति फल फलाउनलाई चुन्नुभयो । यो फल म हाफ्नो शक्तिले फलाउन सक्दिनँ, तर विश्वासद्वारा तपाईंसित नजिकको सम्बन्ध राखेर मात्र फलाउन सक्दो रहेछु भनी मैले अंगुरको***

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

*बोटको उदाहरणबाट बुझें । यसैले थपाईंको वचनमा ध्यान दिन र प्रार्थना गर्न सिकाउनुहोस् । तपाईंको गहिरो प्रेम जानेर म पनि धेरै फल फलाएर तपाईंको साँचो चेला बन्न सकूँ । धन्यबाद, आमेन !*